कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मितिः २०८१/०२/१३

**गणतन्त्र दिवस, २०८१ मनाउने सम्बन्धमा।**

गणतन्त्र दिवस, २०८१ यही जेठ १४ देखि १६ गतेसम्म भव्यताका साथ मनाउने सन्दर्भमा प्रदेशस्तरीय गणतन्त्र दिवस २०८१ मूल समारोह समितिका संयोजक माननीय मुख्यमन्त्री यामलाल कडेलज्यूको संयोजकत्वमा मिति २०८१/०२/०८ गते बसेको बैठकबाट तपसिल बमोजिम कार्यक्रमहरु संचालन गरी मनाउने निर्णय भएकोले गणतन्त्र दिवस भव्य रुपमा मनाउन प्रदेशवासी सबैमा हार्दिक अनुरोध गरिन्छ।

निर्णय नं.१ः

माननीय मुख्यमन्त्री यामलाल कडेलज्यूको संयोजकत्वमा देहाय बमोजिम १७ औं गणत्रन्त्र दिवस-२०८१, प्रदेशस्तरीय मूल समारोह समिति गठन गर्ने निर्णय गरियो।

देहायः

गणतन्त्र दिवस २०८१, प्रदेशस्तरीय मूल समारोह समिति

| | |
|---|---|
| मा. मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| कर्णाली प्रदेश सभाका सभामुख | -सदस्य |
| कर्णाली प्रदेश सरकारका सम्पूर्ण माननीय मन्त्रीज्यूहरु | -सदस्य |
| कर्णाली प्रदेश सभाका उप-सभामुख | -सदस्य |
| कर्णाली प्रदेश सरकारका राज्यमन्त्री | -सदस्य |
| कर्णाली प्रदेश सभाका सम्पूर्ण सदस्यज्यूहरु | -सदस्य |
| जिल्ला समन्वय प्रमुख, सुर्खेत | -सदस्य |
| कर्णाली प्रदेश सरकारका प्रमुख सचिव | -सदस्य |
| प्रदेश योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| नगर प्रमुख, वीरेन्द्रनगर नगरपालिका सुर्खेत | -सदस्य |
| प्रदेश लोक सेवा आयोगका अध्यक्ष | -सदस्य |
| कर्णाली प्रदेश सरकारका सम्पूर्ण प्रदेश सचिवहरु | -सदस्य |
| प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| सुरक्षा निकायका प्रमुखहरु सबै | -सदस्य |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय, सचिव | -सदस्य-सचिव |

निर्णय नं.२ः-

गणतन्त्र दिवस २०८१ मनाउने सन्दर्भमा तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रम | जिम्मेवारी | स्थान |
|---|---|---|---|
| १. | मिति २०८१/१४, १५ र १६ गते प्रदेशबासी आम नागरिकहरुलाई आ-आफ्ना घरछेउ र महत्वपूर्ण सार्वजनिक स्थलहरुको सरसफाइ गर्ने, कार्यालय, मण्डल, लगायतका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरुमा राष्ट्रिय झण्डा फहराउने र साँझ कार्यालय र घरघरमा दीप प्रज्ज्वल गर्न आव्हान गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| २. राष्ट्रि | गणतन्त्र दिवस २०८१ भव्यताका साथ मनाउन प्लेकार्ड र झण्डासहित बिहान ७:०० बजे मंगलगढी चोकबाट हुने प्रभातफेरीमा सम्बन्धित मन्त्रालय/ कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई निर्धारित पोशाकमा अनिवार्य उपस्थितिका लागि पत्राचार गर्ने र जनसहभागिताका लागि आवश्यक व्यवस्था गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय/ वीरेन्द्रनगर नगरपालिका | मंगलगढी चोक, वीरेन्द्र नगर, सुर्खेत मिति: २०८१/२/१५ |
| ३. | गणतन्त्र दिवस-२०८१ को मूल कार्यक्रम मिति २०८१/०२/१५ गते वीरेन्द्रनगरस्थित जिल्ला समन्वय समितिको सभाहलमा गर्नेगरि व्यवस्थापन गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला समन्वय समितिको सभाहल |
| ४. | गणतन्त्र दिवसमा हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ती सुरक्षाको व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय/ प्रदेश प्रहरी कार्यालय | |

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

| | | | |
|---|---|---|---|
| ५. | मिति २०८१/०२/१५ गते बिहान ७:०० बजे मंगलगढी चोकबाट शुरुहुने प्रभातफेरीमा आफ्नो ब्यान्ड बाजा सहितको टोलीमा उपस्थित हुने । | सशस्त्र प्रहरी बल नेपाल, नं.६ महेश्वरी बाहिनी, सुर्खेत | |
| ७. | मिति २०८१/०२/१४ गते प्रदेश अस्पताल सुर्खेतमा रहेका बिरामीहरुलाई फलफूल वितरण कार्यक्रम र प्रदेश अस्पतालले रक्तदान कार्यक्रम आयोजना गर्ने गरि व्यवस्था गर्ने । | सामाजिक विकास मन्त्रालय | |
| ८ | मिति २०८१/०२/१६ गते खेलकुद प्रतियोगिता आयोजनाको व्यवस्थापन गर्ने । | जिल्ला खेलकुद विकास समिति, सुर्खेत। | |

... कडेल